फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

प.सं. :- ०७९।०८०
च.नं. :-

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्तरवृद्धि गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति :२०८०।०३।१७

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय पोखरा गण्डकी प्रदेश बाट कर्मचारी समायोज ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएका कर्मचारीहरुको तहवृद्धिको लागि मिति २०८०।०३।१७ मा सूचना प्रकाशन गरेको र स्वास्थ्य सेवा विभागबाट पनि स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको हकमा स्थानीय सेवा सम्बन्धी कानून तर्जुमा भएका प्रदेशका स्थानीय तह स्वयंले तहवृद्धि गर्नु पर्ने सूचना बमोजिम गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्तरवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुरा गरेका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षहरुको कार्यसम्पादन मूल्यांकनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीलाई सम्वन्धित सेवा समूह वा उपसमूह भित्रको पदमा स्तरवृद्धि भै माथिल्लो तह कायम गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३१ बमोजिमको नकरात्मक सूचीमा नपरेका, तहवृद्धी हुने भन्दा एक तह मुनिको सम्वन्धित सेवा समूह र उपसमूहको पदमा यस कार्यालयमा कार्यरत स्वास्थ्य सेवाका तोकिएको योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको वेबसाइट : www.ocmcm.gandaki.gov.np मा रहेको बढुवा सम्वन्धी आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा दुई प्रति प्रिन्ट तयार गरी मिति २०८०।०३।३१ गते कार्यालय समय सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद प्राप्त हुन आएका, अपुरो बिबरण भरी पेश भएका वा तोकिए बमोजिमका कागजातहरु संलग्न नभएका आबेदन माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

पुनश्चः तहबृद्धि/ तह मिलान सम्वन्धी अन्य व्यवस्थाहरु गण्डकी प्रदेश सरकारको स्थानिय सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम हुनेछ ।

२०८०।०३।१८

ऋषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत